




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



हिंसामुक्त घर,
सुखी परिवार
समृद्ध समाजको
बलियो आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क ३०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १४ गते मंगलबार ❑ 30 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-


## एमाले महाधिवेशनमा ३०१ पदका लागि ३३३ को उम्मेदवारी

**रासस**
**चितवन, १३ मंसिर**

चितवनको सौराहामा जारी नेकपा एमालेको दशौँ राष्ट्रिय महाधिवेशनमा निर्वाचन प्रक्रिया सुरु भएको छ । एमालेको सौराहा महाधिवेशनले १९ सदस्यीय पदाधिकारीसहित ३०१ सदस्यीय केन्द्रीय कमिटी चयन गर्नेछ।

नयाँ नेतृत्वका लागि पदाधिकारीसहित केन्द्रीय समितिमा ३३३ जनाको उम्मेदवारी मनोनयन दर्ता भएको केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले जानकारी दिनुभयो । सुब्बाका अनुसार पदाधिकारीमा २३ तथा केन्द्रीय सदस्यमा ३१० जनाको उम्मेदवारी परेको छ । अध्यक्षमा दुई, वरिष्ठ उपाध्यक्षमा एक, उपाध्यक्षमा सात, महासचिवमा एक, उपमहासचिवमा तीन तथा सचिवमा नौ जनाको उम्मेदवारी परेको सुब्बाले जानकारी दिनुभयो । केन्द्रीय पदाधिकारीको वरिष्ठ उपाध्यक्ष, महासचिव र उपमहासचिवमा आवश्यक सङ्ख्यामा मात्रै उम्मेदवारी परेका कारण उनीहरु निर्विरोध निर्वाचित भएको सुब्बाले बताउनुभयो । सुब्बाका अनुसार वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, महासचिवमा शङ्कर पोखरेल तथा उपमहासचिवमा पृथ्वीसुब्बा गुरुङ, प्रदीप ज्ञवाली र विष्णुप्रसाद रिमाल निर्विरोध निर्वाचित हुनुभएको हो ।

अध्यक्षमा केपी शर्मा ओली र भीम रावलको उम्मेदवारी परेका कारण उहाँहरुबीच प्रतिस्पर्धा हुने भएको छ । छ जना उपाध्यक्षको पदमा अष्टलक्ष्मी शाक्य, घनश्याम भुसाल, युवराज ज्ञवाली, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल, सुरेन्द्रप्रसाद पाण्डे र सुवासचन्द्र नेम्वाङको उम्मेदवारी परेको छ । सात जना सचिव हुने व्यवस्था भएको ठाउँमा गोकर्ण विष्ट, छविलाल विश्वकर्मा, टङ्कप्रसाद कार्की, टोपबहादुर रायमाझी, पद्माकुमारी अर्याल, भीमप्रसाद आचार्य, योगेश भट्टराई, रघुवीर महासेठ र लेखराज भट्टको उम्मेदवारी परेको सुब्बाले जानकारी दिनुभयो ।

केन्द्रीय सदस्यततर्फ भौगोलिक क्षेत्रअनुसार प्रदेश १ खुला छ जना आवश्यक भएकोमा नौ को उम्मेदवारी परेको छ भने तीन जना महिलामा तीन जनाको नै उम्मेदवारी परेको छ । त्यस्तै प्रदेश २ मा खुला छ मा छ तथा महिलातर्फ तीनमा तीन जनाको नै उम्मेदवारी परेको छ । वाग्मती प्रदेशबाट पनि खुलातर्फ छ जना केन्द्रीय सदस्यमा आठ जना तथा महिलातर्फ तीन जनामा तीन जनाकै उम्मेदवारी परेको सुब्बाले जानकारी दिनुभयो । गण्डकी प्रदेशको छ जना खुला केन्द्रीय सदस्यमा छ तथा तीन जना महिला कोटामा तीन जनाकै उम्मेदवारी परेको छ । लुम्बिनी प्रदेशको छ जना खुला केन्द्रीय सदस्यमा छ तथा तीन महिला केन्द्रीय सदस्यमा तीन जनाकै उम्मेदवारी परेको छ । कर्णाली प्रदेशको छ जना खुला केन्द्रीय सदस्यतर्फ छ जनाकै र तीन महिला सदस्यका लागि तीन जनाकै उम्मेदवारी परेको छ।

सुदूरपश्चिम प्रदेशको तीन जना खुला केन्द्रीय सदस्यतर्फ नौ र तीन महिला केन्द्रीय सदस्यतर्फ छ जनाको उम्मेदवारी परेको सुब्बाले जानकारी दिनुभयो । त्यस्तैगरी उपत्यका विशेष खुला सदस्यमा एक र महिला सदस्यमा एक जनाकै उम्मेदवारी परेको छ । सम्पर्क समन्वयतर्फ खुला एकमा १ जनाकै उम्मेदवारी परेको छ भने एक महिला कोटामा दुई जनाको उम्मेदवारी परेको छ । केन्द्रीय सदस्यतर्फ आदिवासी जनजातिको १७ पदमा १९ जनाको तथा आठ महिला सदस्यका लागि नौ जनाको उम्मेदवारी परेको सुब्बाले बताउनुभयो। मधेशीतर्फ १३ जना खुला केन्द्रीय सदस्यमा १५ तथा छ महिला केन्द्रीय सदस्यमा छ जनाकै उम्मेदवारी परेको छ। आठ दलित खुलातर्फ ११ जनाको र चार महिलातर्फ चार जनाकै उम्मेदवारी परेको सुब्बाको भनाइ छ।

त्यसैगरी थारुबाट पाँच खुला केन्द्रीय सदस्यमा छ तथा दुई जना महिलाको कोटामा तीन जनाको उम्मेदवारी परेको छ । मुस्लिम खुलातर्फ चार जना केन्द्रीय सदस्यमा छ तथा एक महिला केन्द्रीय सदस्यमा एक जनाकै उम्मेदवारी परेको छ । श्रमिक खुलातर्फ चार जनाको पदमा चार जनाकै र दुई जना महिला कोटामा दुई जनाकै उम्मेदवारी परेको अध्यक्ष सुब्बाले जानकारी दिनुभयो । पिछडिएको क्षेत्रबाट खुलाको तीन पदमा पाँच तथा एक महिलाको कोटामा एक जनाकै उम्मेदवारी परेको छ । खुला केन्द्रीय सदस्यको ८४ पदमा ८५ जना तथा महिला आरक्षित ५३ पदमा ५४ जनाको उम्मेदवारी परेको सुब्बाले बताउनुभयो।

नेकपा एमालेका तीन वटा केन्द्रीय आयोगमा भने अवाश्यकताअनुसारको पदमा मात्रै उम्मेदवारी परेको छ। पच्चीस सदस्यीय केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका सबै पदमा निर्विरोध भएको सुब्बाले बताउनुभयो । एमालेको केन्द्रीय समितिमा आवश्यक पदअनुसार उम्मेदवारी परेका सबै निर्विरोध निर्वाचित हुने र आवश्यक पदभन्दा बढी उम्मेदवारी परेको पदमा भने निर्वाचन गराइने केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष सुब्बाले जानकारी दिनुभयो।

## नेता शर्माद्वारा कांग्रेस गण्डकी प्रदेश सभापतिमा उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ मंसिर**



नेपाली कांग्रेसका नेता शुक्रराज शर्माले पार्टीको १४औं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा गण्डकी प्रदेश सभापति पदमा आफ्नो उम्मेदवारी घोषणा गर्नुभएको छ।

पोखरामा सोमबार एक समारोहबीच उम्मेदवारी घोषणा गर्दै उहाँले लामो समयसम्म पार्टी सङ्गठनमा गरेको क्रियाशीलतालाई व्यवहारमा उतार्न आफ्नो उम्मेदवारी भएको बताउनुभयो । पार्टीभित्रका अव्यवस्थाका कारण पार्टीलाई मात्र नभइ राष्ट्र र प्रजातन्त्रका लागि असर पारेको जनाउँदै उहाँले ती अव्यवस्थालाई हटाउँदै सङ्गठन मजबुत बनाएर आसन्न तीनवटै तहका निर्वाचनमा कांग्रेसलाई विजयी गराउन आफूले प्रदेश सभापतिको जिम्मेवारी लिन लागेको स्पष्ट पार्नुभयो । नेपाली कांग्रेस कास्कीको २०४६ देखि २०६१ सालसम्म पार्टी सभापतिको जिम्मेवारी सम्हालेका शर्माले २०४६ सालको प्रजातन्त्र पुनःस्थानपनाको आन्दोलन एवं २०६२/६३ को जनआन्दोलनमा सक्रियता रहनुका साथै जेल जीवन बिताउनुभएको थियो । उहाँ २०२३ साल मा गण्डकी छात्रसमितिको सदस्य, २०२६ सालमा तरुण दल कास्कीको अध्यक्ष, पार्टीको जिल्ला सदस्य, सचिवलगायत विभिन्न पदमा रही काम गर्नुभएको छ। उहाँले राष्ट्रियसभा सदस्यको जिम्मेवारी पनि सम्हाली सक्नुभएको छ।

## जिप दुर्घटनामा चार जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ मंसिर**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगमा जिप दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । बेनीदेखि बेगको सिमतर्फ जाँदै गरेको ग१ज ७२५१ नंको जिप औँलामा दुर्घटना भएको हो ।

प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङका अनुसार मृत्यु हुनेमा ३० वर्षीया गौमाया विक, जिप चालक ३५ वर्षीय दुढबहादुर थापा, ३० वर्षीय खिमु पुन र ४५ वर्षीय खिमानन्द शर्मा छन् । उनीहरु सवै बेगका बासिन्दा हुन् । गौमाया रघुगङ्गा गाउँपालिका-१ बेगकी निर्वाचित वडा सदस्यसमेत हुन् । पुन र शर्माको घटनास्थलमा तथा चालक थापा र विकको उपचारका लागि बेनी ल्याउँदा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा ५४ वर्षीय बलबहादुर विक, २३ वर्षीय मनोज पुन, २० वर्षीय भीम फगामी र ३० वर्षीय ज्ञानबहादुर शेरपुञ्जा घाइते भएका छन् । उनीहरुलाई उपचारका लागि कास्कीको पोखरास्थित मणिपाल शिक्षण अस्पताल लगिएको छ । जिप सडकदेखि करिब तीन सय मिटर तल खसेको थियो ।

## कांग्रेसले सार्वजनिक गऱ्यो निर्वाचन कार्यतालिका

**रासस**
**काठमाडौं, १३ मंसिर**

नेपाली कांग्रेसले आसन्न १४औं महाधिवेशनका लागि केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिको निर्वाचन कार्यतालिका सोमबार सार्वजनिक गरेको छ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिका अनुसार केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि यही मङ्सिर २४ गते बिहान १० बजे मतदाता नामावली प्रकाशन गर्ने, मङ्सिर २५ गते बिहान १० देखि साँझ ५ बजेसम्म उम्मेदवार मनोनयन पत्र दर्ता गर्ने र मङ्सिर २६ गते बिहान ८ देखि १० बजेसम्म मनोनयन पत्रमाथि पर्ने दाबी विरोध दर्ता गर्ने तथा जाँचबुझ गर्ने कार्यतालिका छ।

यसैगरी, मङ्सिर २६ गते १० देखि १२ बजेसम्म सो उपर निर्णय गर्ने, दिउँसो १२ देखि ३ बजेसम्म उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपि)

बाँकी अन्तिम पृष्ठमा ▶▶

## खुद्रे योजनाले बजेट कार्यान्वयनमा कठिन मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**मनाङ, १३ मंसिर**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले खुद्रे तथा साना एवं गोजीबाट छनौट भएका कार्यक्रम कार्यान्वयनमा प्रभावकारी नहुने बताउनु भएको छ।



गण्डकी प्रदेशको अर्थ मन्त्रालयले मनाङका कार्यालय प्रमुखहरुसंग मंगलबार चामेमा आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै मन्त्री बरालले अझै पनि साना तथा टुक्रे योजना छनौट हुनुले कार्यान्वयमा कठिनाई हुने गरेको बताउनु भएको हो । मनाङमा यस बर्षको बाढी तथा पहिरोले प्रभावित भएकोले धेरै क्षेत्र अस्त व्यस्त देखिएको उल्लेख गर्दै मन्त्री बरालले यसमा प्रदेश मात्र नभई संघिय सरकारको समेत बढी ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो। मन्त्री बरालले जनताको आधारभूत आवश्यकताको आधारमा ध्यान केन्द्रित भई काम गर्न कर्मचारीहरुलाई निर्देशन समेत दिनु भएको छ । सुरक्षा क्षेत्रलाई प्रोत्साहत हुने गरी सेवा सुविधा उपलब्ध गराउने बिषयमा मन्त्रालयको गहिरो गरी ध्यान केन्द्रित भएको उहाँले बताउनु भयो । प्रदेश सरकारले आन्तरिक श्रोत बृद्धि हुने गरी सवैको ध्यान केन्द्रित हुनुपर्ने मन्त्री बरालको भनाई थियो। अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटी परिवर्तन गर्न सुझाव दिनु भयो। दोश्रो चौमासिक पुगे पछि कार्यान्वयन नहुने कार्यक्रमहरु अर्थ मन्त्रालयको पूर्व सहमतिमा आवश्यकताको आधारमा यही शिर्शकमा रकमान्तर गर्न सकिने उहाँले बतानु भयो । पुर्वाधार विकास कार्यालय मनाङका निमित्त कार्यालय प्रमुख प्रलाद दाहालले यस बर्ष मनाङमा बाढी र पहिरोलदे ठुलो क्षति भएकोले विनियोजन बजेट न्यून भएको बताउनु भयो । फागुन देखि ४ महिना मात्र काम गर्ने वातावरण हुने हुदा मनाङमा विकास निर्माणमा कठिन हुने गरेको उहाँले बताउनु भयो।

स्वास्थ्य कार्यालय मनाङका बद्रीराज आचार्यले स्वास्थ्य निर्देशीका ढिलो आउदा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोरोनाको नयाँ रुप ओमिक्रोन फैलिन नदिन निगरानी

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ मंसिर**

कोरोना भाइरसको नयाँ रुप (भेरियन्ट) ओमिक्रोन देखिएपछि नेपालमा पनि सतर्कता अपनाउन थालिएको छ।

दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भाइरस नेपालमा पनि फैलन सक्ने आँकलन गरिएपछि सतर्कता अपनाउन थालिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीले नेपालमा अहिलेसम्म कोरोना भाइरसको नयाँ रुप ओमिक्रोन देखापरेको पुष्टि नभएको बताउनुभयो।

उहाँले नेपालमा अहिलेसम्म नदेखिए पनि फैलने भने सम्भावना रहेको जानकारी दिनुभयो । "नेपालमा पनि उक्त भाइरस फैलिने सम्भावना उच्च रहेको छ", सहप्रवक्ता डा अधिकारीले भन्नुभयो, "तर हामी फैलिन नदिनका लागि तयारी अवस्थामा रहेका छौं ।" उहाँका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग सिमाना जोडिएका नाकामा रहेका सहायता कक्षले विदेशबाट आउने व्यक्तिमा ओमिक्रोन भाइरसको सङ्क्रमण छ वा छैन भनेर निगरानीलाई तीव्र पारेको छ। यस्तै विदेशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने गरिएको र ती व्यक्तिमा कस्तो लक्षण देखिएको छ, सोको पनि निगरानी गरिएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो।

ओमिक्रोन भाइरस नयाँ भएकाले यो कति द्रुतगतिमा फैलिन सक्दछ र यसले कस्तो असर पार्दछ भनेर अध्ययन हुन बाँकी छ।




# तनहुँ जलविद्युत् आयोजनामा ढिलाइ हुनहुँदैन : उर्जामन्त्री भुसाल

पोखरापत्र संवाददाता
तनहुँ, १३ मंसिर

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले तनहुँ जलविद्युत् आयोजना निर्माणमा ढिलाइ नगर्न निर्देशन दिनुभएको छ। तनहुँको ऋषिङगाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको आयोजनाको सोमबार निरीक्षणपछिकर्मचारीलाई निर्देशन दिँदै मन्त्री भुसालले समयमै आयोजना निर्माण सम्पन्न गर्नेतर्फ कटिबद्ध भएर लाग्न निर्देशन दिनुभयो।



'प्रशासनिक जटिलताका कारण आयोजनाको काममा समस्या हुँदैन, त्यसका लागि सहजीकरण गर्न म सदैव तयार छु', उहाँले भन्नुभयो, 'आयोजनास्थलमा दत्तचित्त भएर लाग्नुहोला ।' मन्त्री भुसालले आयोजनाको काममा कुनै समस्या आए राजनीतिक दल, जनप्रतिनिधि र सरोकारवालाले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले तनहुँ जलविद्युत् आयोजना राष्ट्रको समृद्धिको परियोजना भएकाले स्रोतसाधनमा कमी नहुने विश्वास व्यक्त गर्नुभयो । 'रणनीतिक हिसाबले जलाशययुक्त यो योजना निकै महत्वपूर्ण छ, स्रोतसाधनको कमी हुँदैन', उहाँले भन्नुभयो । मन्त्री भुसालले आयोजनाले तनहुँका जनताको जीवनस्तर उकास्न सहयोग पुऱ्याउने बताउनुभयो ।

सो क्रममा मन्त्री भुसालले आयोजनाको बाँधस्थल र विद्युतगृहको निरीक्षण गर्नुभएको थियो । मन्त्री भुसाललाई तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरण श्रेष्ठ र आयोजना प्रमुख अच्युत घिमिरेले आयोजनाको निर्माण कार्यको बारेमा जानकारी गराउनुभएको थियो । निरीक्षणपश्चात् कार्यालयमा आयोजित 'ब्रिफिङ' कार्यक्रममा प्रबन्ध सञ्चालक श्रेष्ठले आयोजनाअन्तर्गतका तीन वटै प्याकेजको कामले गति लिएको जानकारी गराउनुभयो । आयोजना प्रमुख घिमिरेले आयोजनाको वर्तमान अवस्थाको बारेमा जानकारी गराउँदै समस्याका बारेमा मन्त्री भुसालको ध्यानाकर्षण गराउनुभयो ।

आयोजनाको सबैभन्दा ढिलाइ भएको प्याकेज एक अन्तर्गतको कामका लागि गत भदौ १५ देखि निर्माण कम्पनी परिचालन भइसकेको छ। प्याकेज एक अन्तर्गत नदी फर्काउने, बाँध निर्माणलगायत काम हुनेछ । उक्त कामका लागि आयोजनाले सोङ्ग दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँग सम्झौता गरेको थियो । आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यका लागि निर्माण कम्पनी सिएमसी डि राभेना, इटालीसँग विसं २०७५ असोज १५ मा सम्पन्न खरिद सम्झौता रद्द भएपश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनः बोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्रहरु सारभूत रूपमा प्रभावग्राही हुन नसकेकाले सबै बोलपत्रहरु अस्वीकृत गरी एसियाली विकास बैङ्कको खरिद निर्देशिकाअनुरूप विसं २०७६ फागुन १६ गते दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो ।

प्याकेज २ अन्तर्गत सिनो हाइड्रोले भूमिगत काम गरिरहेको छ। उक्त प्याकेजअन्तर्गत पावरहाउस, वर्क टनेल, सर्च ट्याङ्कलगायत काम भइरहेको छ । प्याकेज ३ अन्तर्गतको प्रसारण लाइन निर्माणको कामले पनि तीव्रता पाएको छ । कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# पोखरामा थपिँदै नयाँ पुस्ताका रक्तदाता

पोखरापत्र संवाददाता
पोखरा, १३ मंसिर

पोखरामा नयाँ रक्तदाता थपिनेक्रम बढेको छ। रक्तदानप्रति बढ्दो जनचेतनासँगै नयाँ पुस्ताका रक्तदाता थपिन थालेका हुन् ।

पोखरा शहर र आसपासमा दैनिक जस्तो हुने गरेको रक्तदान कार्यक्रमा सहभागी हुनेमध्येका २० देखि २५ प्रतिशत नयाँ रक्तदाताको सहभागी हुने गरेको क्षेत्रीय रक्तसञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले जानकारी दिनुभयो । उहाँका अनुसार रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्र तथा सञ्चारगृहद्वारा रक्तदान जीवन दानका बारेमा गरिएका पहलका कारण पछिल्लो समय रक्तदानप्रति विद्यार्थी तथा युवा वर्गको आकर्षण बढ्दै आएको छ। अठार वर्षदेखि ६० वर्षसम्म उमेर समूहका प्रत्येक व्यक्तिले वर्षमा चार पटकसम्म रक्तदान गर्नसक्ने बताउँदै उहाँले पोखरामा दैनिक ७० देखि ८० युनिट रगतको आवश्यकता पर्ने गरेको जानकारी दिनुभयो।

नयाँ रक्तदाता थपिनुका साथै पुरानाले निरन्तर दिने गरेका कारण जस्तोसुकै अवस्थामा पनि यस क्षेत्रका विभिन्न सङ्घसंस्था एवं व्यक्तिको सक्रिय सहभागिता र सहयोग हुँदा आवश्यकताअनुसार रगतको व्यवस्था गर्दै आएको उहाँको भनाइ छ।

पोखरामा एभरेष्ट मिडिया हाउसद्वारा सञ्चालन गरेको एभरेष्ट एफएम ९३ मेगाहर्ज र एभरेष्ट आवाज डटकमद्वारा शनिवार आयोजित रक्तदान कार्यक्रमा ४५ जना नयाँले रक्तदान गर्दा माथि उल्लेखित तथ्याङ्कलाई पुष्टि गरेको छ। विशेषगरी मङ्सिर महिनामा पोखरामा हुने गरेको रगत अभावलाई परिपूर्ति गर्ने लक्ष्यका साथ आयोजित रक्तदान कार्यक्रममा कूल १८६ युनिट रगत सङ्कलन भएको थियो।

त्यसैगरी रेडियोले दोस्रो वर्षमा प्रवेश गरेका अवसरमा यसअघि माछापुच्छ्रे गाउँपालिका-२ बाराही आधारभूत विद्यालय खाँदरजुङका ४३ विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको थियो । सो रेडियो शुभारम्भको अवसरमा गत वर्ष सामाजिक उत्तरदायित्व वहनअन्तर्गत नै मानवसेवा आश्रम पोखरालाई रु एक लाख ५० हजार सहयोगसमेत गरेको थियो।

## कांग्रेसले..

पहिलो नाम प्रकाशित गर्ने, दिउँसो ३ देखि अपराह्न ४ बजेसम्म मनोनयन फिर्ता लिने, साँझ ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मङ्सिर २७ गते बिहान ८ बजेदेखि मतदान सुरु गर्ने समितिले जनाएको छ।

यसैगरी, समितिले मङ्सिर १६ गतेदेखि प्रदेश कार्यसमितिको निर्वाचन कार्यतालिका पनि तय गरेको समिति संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्सिर १६ गते बिहान १० बजे मतदाता नामावली प्रकाशित गर्ने, मङ्सिर १७ गते बिहान ८ देखि ११ बजेसम्म उम्मेदवार मनोनयन पत्र दर्ता गर्ने, सोही दिन दिउँसो ११ देखि १ बजेसम्म मनोनयन पत्रमाथि पर्ने दाबी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र मङ्सिर १७ गते २ बजे सो उपर निर्णय गर्ने कार्यतालिका छ।

मङ्सिर १७ दिउँसो २ देखि साँझ ५ बजेसम्म उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपि) पहिलो नाम प्रकाशित गर्ने, मङ्सिर १७ गते साँझ ६:३० मनोनयन फिर्ता लिने, मङ्सिर १७ गते साँझ ७:३० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मङ्सिर १८ गते बिहान ८ बजेदेखि प्रदेश कार्यसमितिका लागि मतदान सुरु हुनेछ।

कांग्रेसले प्रदेश अधिवेशन यही मङ्सिर १६ र १७ गते तथा केन्द्रीय महाधिवेशन मङ्सिर २४ देखि २६ गतेसम्म तोकेको छ।

# कास्की कांग्रेसको उपसभापतिमा कुँवर र भण्डारी

पोखरापत्र संवाददाता
पोखरा, १३ मंसिर

नेपाली कांग्रेस कास्की जिल्ला कार्यसमितिको उपसभापति पदमा युवराज कुँवर र रामबाबु भण्डारी निर्वाचित हुनुभएको छ।

नेपाली कांग्रेसको आसन्न १४ औं महाधिवेशनअन्तर्गत सम्पन्न जिल्ला अधिवेशनका निर्वाचनमा कुँवरले ७२१ र भण्डारीले ६८५ मत प्राप्त गर्नुभएको थियो । त्यस्तै दुई सचिव पदका लागि भानुभक्त ढकाल र देवेन्द्र भाट विजयी बन्नुभयो । नौजनाको उम्मेदवारी परेको सो पदमा ढकाल र भाटले क्रमशः ६८३ र ६८० मत प्राप्त गर्नुभयो । निर्वाचनबाट सहसचिवमा नवीन सिग्देल र शङ्कर ढुङ्गाना विजयी बन्नुभएको छ । पोखरा महानगरपालिकाबाट खुल्ला सदस्यमा डा दीपक सुवेदी, माइकल कर्माचार्य, युवक लामिछाने (युवराज) र विश्वशङ्कर पालिखे विजयी बन्नुभएको छ । त्यस्तै रुपा गाउँपालिकाबाट खुल्ला सदस्यमा खेमबहादुर गुरुङ र महिलामा दक्षिणा सुवेदी, मादी गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकामा खुल्ला सदस्यमा क्रमशः ऋषिराम सुवेदी र सुदीप गौतम विजयी बन्नुभएको छ । समानुपातिक खस आर्यतर्फबाट खुल्ला सदस्यमा रामजीप्रसाद कोइराला र गणेश बस्नेत, समानुपातिक आदिवासी जनजाति तर्फबाट खुल्ला सदस्यमा चौबहादुर गुरुङ र मानेन्द्र कुमाल, समानुपातिक (मधेशी वा थारु वा मुस्लिम) सदस्यमा कसीरन मिया विजयी बन्नुभएको छ । प्रदेश अधिवेशन प्रतिनिधि अपाङ्गताबाट भीमप्रसाद पौडेल विजयी बन्नुभएको छ। सभापति पदमा आइतबार नै किशोरदत्त बराल निर्वाचित भइसक्नुभएको छ।

## खुद्रे योजनाले...

कार्यान्वयमा कठिन भएको गुनासो गर्नु भयो । मनाङको एक मात्र सरकारी कार्यालय मध्य स्वास्थ्यमा एउटा पनि सवारी साधन नभएको बताउदै उहाँले कोरोनाबाट मनाङका ७ जनाको मृत्यु भएको जनाउनु भयो।

शिक्षा विकास तथा समन्वय ईकाई कार्यालयका मोतीलाल चपाईले मावि तहमा अझै पनि बिषयगत शिक्षकको दरवन्दी नहुदा गुणस्तरिय शिक्षा हासिल गर्न कठिन भएको बताउनु भयो । त्यसै गरी ११ बिद्यालय मध्य ९ वटामा मात्र कर्मचारी दरवन्दी भएको उहाँले गुनासो गर्नु भयो।

मनाङका डिएसपी सुवास खड्काले माथिल्लो मनाङ क्षेत्रमा प्रहरीहरुलाई आवश्यक पर्ने मौसम अनुसारको पोसाक तथा खानपिनको प्रमुख समस्या भएको बताउनु भयो । उहाँले पछिल्लो समयमा पर्यटकहरु मनाङमा आउन थालेकोले उनीहरुको रेखदेख गर्न सवारी साधनले गर्दा कठिन भएको गुनासो गर्नु भयो । यस अघि मन्त्रालयले बागलुङ, मुस्ताङ, म्याग्दीका प्रादेशिक कार्यालयहरुसंगको छलफल कार्यक्रम सम्पन्न भएको अर्थ मन्त्रालयका उपसचिव वसन्तराज तिवारीले बताउनु भयो। स्थानिय कपिल लामाले यस बर्ष मनाङमा बाढी पहिरोको कारण ठुलो लगानी आवश्यक भएको बताउनु भयो।

मनाङका प्रमुख जिल्ला अधिकारी रविन्द्र प्रसाद आचार्यको अध्यक्षतामा भएको छलफलमा भुगोल मौसम, कर्मचारी अभाव, बिद्युत सेवा, सवारी साधानको अभाव, कम बजेट विनियोजन लगायतका समस्या भएको कारण विनियोजन भएको कार्यक्रम कार्यान्वयनमा कठिन भएको कार्यालय प्रमुख एवं प्रतिनिधिहरुले गुनासो गर्नु भएको थियो।

# नेपाली काँग्रेसका नेता रघुनाथ पौडेलको सचिवालय दरबारथोकमा

पोखरापत्र संवाददाता
पोखरा, १३ मंसिर

नेपाली कांग्रेसका नेता रघुनाथ पौडेलले पार्टीको गण्डकी प्रदेश सभापति पदमा उमेदवारीको घोषणा गरे लगतै सोमबार पोखरा महानगरपालिका वडा नं. ९ दरबारथोक मार्ग २, न्युरोड स्ट्रीट नं १४ मा सचिवालय स्थापना गरेका हुन् ।

नेपाली कांग्रेस तनहुँको २०५३ देखि २०६७ साल सम्म निरन्तर रुपमा तीन कार्यकाल जिल्ला सभापति समेत रहेका पौडेलले आईतबार पोखरामा पत्रकार सम्मेलन गरी उमेदवारी घोषणा गरेका थिए।

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत गण्डकी प्रदेशको प्रदेश अधिवेशन यहि मंसिर १६ र १७ गते पोखरामा हुदैछ। पार्टीका शुभेच्छुक शुभचिन्तक कार्यकर्ताहरुका विच सम्पर्क स्थापना तथा चुनावको प्रचारप्रसारको लागि कार्यलय स्थापना गरिएको पौडेलले वताए । पार्टीलाई एकतावद्ध गरी संस्थागत रुपमा अगाडि बढाउदै पार्टीको गुमेको गरिमा र प्रतिष्ठालाई थप उचाईमा पुऱ्याउन प्रदेश सभापतिमा लड्ने इच्छा र उत्साह देखाएको वताउँदै आएका नेताले वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शंशाक कोइराला लगायतका नेताहरुको साथ र समर्थन रहेको वताए।

# करिडोरमा ट्र्याक्टर दुर्घटना, दुईको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, १३ मंसिर

बागलुङको बलेवामा ट्र्याक्टर दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ।

बागलुङ नगरपालिका-१४ नारायणस्थानको कैयाबाट कुश्मीशेराका लागि हिँडेको ध१च ३६० नंको ट्र्याक्टर कालीगण्डकी करिडोरको बलेवा-कुश्मीशेरा खण्डमा दुर्घटना भएको हो। दुर्घटनामा मृत्यु हुनेको पहिचान खुलेको छैन। दुवै जना पुरुष भएको स्थानीयवासी भरत पौडेलले जानकारी दिनुभयो। दुर्घटनामा घाइते भएका १२ वर्षीय सुदीप केसीलाई उपचारका लागि पर्वत सदरमुकाम कुश्माको अस्पताल लैजाने तयारी भइरहेको छ । घटनास्थलमा प्रहरी पुगेको छ । ट्र्याक्टर चालक भने फरार छन् । कैयादेखि करिडोरमा उक्लिने क्रममा ट्र्याक्टर भिरबाट झन्डै २०० मिटर तल खसेको स्थानीय प्रत्यक्षदर्शीले बताए।

# २५९ मा कारोना संक्रमण

रासस
काठमाडौं, १३ मंसिर

पछिल्लो २४ घण्टामा मुलुकमा २५९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

सात हजार २३१ जनाको पीसीआर परीक्षण गर्दा २४३ र दुई हजार ६५७ जनाको एन्टिजेन परीक्षण गर्दा १६ गरी कूल २५९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा हालसम्म कोरोना सङ्क्रमितको सङ्ख्या नौ लाख १६ हजार ६०९ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा २६४ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । योसँगै हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख दुई हजार ६५३ जना पुगेको मन्त्रालयले जनाएको छ। देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ६ हजार ९४४ रहेका छन्। तीमध्ये ६ हजार ५४१ होम आइसोलेशनमा र ४०३ जना संस्थागत आइसोलेशनमा छन् । सङ्क्रमितमध्ये १५९ आइसीयू र ३७ जना भेन्टिलेटरमा उपचाररत छन् । त्यसैगरी १० वर्ष मुनिका सात बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । ११ देखि २० वर्ष उमेर समूहका १७ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ । पछिल्लो २४ घण्टामा एक जना सङ्क्रमितको मृत्यु भएको छ। योसँगै नेपालमा मृत्यु हुनेको सङ्ख्या ११ हजार ५२४ पुगेको छ।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कार्यकर्ताले नचाहेको चुनाव

नेकपा एमाले महाधिवेशनका अधिकांश प्रतिनिधिहरू नेतृत्व सर्वसम्मत होस् भन्ने चाहेका थिए। पार्टी विरुद्ध चौतर्फी आक्रमण भएका बेला सर्वसम्मत प्रतिनिधि पठाएर एकताको सन्देश कार्यकर्ताले दिएका थिए । पार्टीको वडा अधिवेशन ,पालिका अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन गर्दैन आएका कार्यकर्ताले केन्द्रीय नेतृत्व सर्वसम्मत होस भन्ने चाहना राख्नु स्वभाविक हो। विगतमा भएका विना प्यानल र प्यानलबद्ध निर्वाचन र त्यसको परिणाम देखे–भोगेका प्रतिनिधि र कार्यकार्यकर्ताहरू कुनै पनि बहानामा बाँडिन नहुने विचार राखेका हुन। चुनावले मानिसलाई कित्तामा उभ्याउने, यो कित्ता स्थायी गुटबन्दीमा परिणत हुदै आएको छागुटबन्दीले सकारात्मक सन्देश दिँदैन भन्ने मान्यता विकास हुँदैन आएको छ।

नेपालका दलहरुमा हुर्केको गुटबन्दी र अस्वस्थ गतिविधिले गर्दा सहमति–सर्वसम्मत नेतृत्व निर्माणको आवाज उठेको हो । सर्वसम्मति हुँदा आफूले भनेजस्तो पद पाइँदैन भन्ने बुझेका केही नेता भने पार्टीको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादको हवाला दिएर चुनावै गर्नुपर्ने जिद्दी लिएका छन् । सिद्धान्तको आफू अनुकूल व्याख्या गरेर आमप्रतिनिधिको भावनामाथि प्रहार गरिरहेका छन् । सिद्धान्त भनेको सपार्न र उचित व्यवस्थापनका लागि बनाइने गर्दछ । सिद्धान्त जति नै राम्रो भए पनि यो जीवनका लागि हो, जीवन सिद्धान्तका लागि हुनुहुँदैन। जनताको बहुदलीय जनवादका प्रणेता जननेता मदन भण्डारी स्वयं भन्नुहुन्थ्यो, 'जीवनका लागि सिद्धान्त हो, सिद्धान्तका लागि जीवन होइन ।' यसरी हेर्दा अहिले एकताबद्ध र सुदृढ पार्टी जीवनका लागि निर्वाचनबाट नभई सहमति र समझदारीबाट सर्वसम्मत नेतृत्व निर्माण गर्नु नै श्रेयस्कर हो। एमाले प्रतिस्पर्धा र पहलकदमीबाट नेतृत्व विकास गर्ने सिद्धान्त अवलम्बन गर्ने सैद्धान्तिक मान्यता राख्दछ, तर यसले देश, काल, परिस्थितिबाहिर गएर सिद्धान्तको प्रयोग गर्नुलाई प्रोत्साहन गर्दैन। राम्रै भए पनि हरेक ठाउँमा उही सिद्धान्त उसरी नै प्रयोग गरिँदैन। सिद्धान्तको प्रयोग सिर्जनशील ढंगले गर्ने हो।

महाधिवेशनका प्रत्येक प्रतिनिधिलाई चुन्ने–चुनिने अधिकार छ । अधिकारको कुरा पनि त्यस्तै हो । भनिएका अधिकार पनि सबैले उस्तै गरी पाउन सम्भव हुँदैन । समय, परिस्थिति अनुसार अधिकार पाइने, खुम्चिने, कटौती हुने पनि गर्दछ। तर, यी सबै जस्तोसुकै परिस्थितिमा पनि उही ढंगले न लागू हुन सक्दछ, न खुम्चिन सक्दछ र न त कटौती नै हुन सक्दछ। अहिले नेकपा(एमाले)मा कुनै प्रकार सैद्धान्तिक वैचारिक मतभिन्नता छैन। यस्तो बेलामा नेतृत्वका लागि प्रतिस्पर्धा विरोधीलाई खुश बनाउने मात्रै हो ।चुन्ने प्रतिनिधिहरूको मन–भावना खल्बल्याएर 'मत'को हठ सिद्धान्तसम्मत हुँदैन। सहमति, सहकार्य, सर्वसम्मति लोकतन्त्र विरोधी मान्यता होइन। जित र हार होइन, जित जितका लागि सहमतिमा सर्वसम्मत नेतृत्व निर्माणमा जानु पार्टीको बृहत्तर हितमा हुन्छ भन्ने कार्यकर्ताले बुझेका छन।कार्यकर्ताले बुझेको कुरा नेताले अनदेखा गर्नु उदेश्य राम्रो होइन ।विगतका महाधिवेशनका क्षणिक प्रतिस्पर्धाले कोरेको कित्ताबन्दीको खाडल पुर्न एमालेले ठूलो मूल्य चुकाउन परेको तथ्य पार्टी पङ्तिले बिर्सेको छैन ।

जनताको बहुदलीय जनवाद कम्युनिष्ट आन्दोलनमा सिर्जनात्मक प्रयोगका लागि, सिर्जनात्मक ढंगले विकसित गरिएको सिद्धान्त हो । यसले गतिशीलता विकासको आधार मान्दछ। जडताको विरुद्धमा विकसित र स्थापित भएको को यो सिद्धान्त (जबज) को प्रयोग जडता, आग्रह र स्वार्थका लागि गरिनु हुँदैन । निर्वाचन गर्दा पनि कार्यकर्ताले अध्यक्ष केपी शर्मा ओलीले प्रस्तावित नै आउने हुन।एमालेले नेतृत्वले पार्टी एकता हुँदा नेकपामाओवादीबाट रहेका र अहिले एमालेमा रहेका ,दस बुँदे सहमति गरेर एमालेमा रहेका र एमालेमा क्रियाशील रहेका तीनवटा मनोविज्ञानका आधारमा केन्द्रीय सदस्य चयन गर्ने चाहना राखेको हो ।केही नेता बाहेक अधिकांश सन्तुष्ट हुने विधि पन्छाएर चुनावमा जाने विपक्षी खुशी बनाउने काम मात्र हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : शत्रुको भय |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : मानसिक तनाब | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# आयोजनामा स्थानीय जनतालाई प्राथमिकता दिन माग

**पोखरापत्र संवाददाता**
**दमौली,१३ मंसिर**

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा स्थानीय जनतालाई प्राथमिकता दिन माग गरिएको छ।

आयोजना निरीक्षणका लागि आउनुभएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग आज भएको भेटमा आयोजनाबाट असर पर्ने क्षेत्रका व्यक्तिले आफूहरूलाई पनि प्राथमिकता राख्न माग गरेका हुन् । आयोजनाबाट असर पर्ने क्षेत्र ऋषिङको बासिन्दासमेत रहनुभएका नेकपा (माओवादी केन्द्र)का गण्डकी प्रदेश कमिटी सदस्य मदन आलेले रोजगारीमा स्थानीयवासीलाई विशेष प्राथमिकता दिनुपर्नेमा मन्त्री भुसालको ध्यानाकर्षण गराउनुभयो । "आयोजना छिटो सम्पन्नगर्नस्थानीयवासीकातर्फबाट सदैव सहयोग रहनेछ, आयोजनामा स्थानीयवासीको पनि सहभागिता हुनुपर्छ", उहाँले भन्नुभयो। आयोजनाबाट ऋषिङ गाउँपालिका, व्यास नगरपालिका, भिमाद नगरपालिका र म्याग्दे गाउँपालिकाका बासिन्दालाई प्रत्यक्ष असर पर्ने भएकाले सामाजिक उत्तरदायित्वअन्तर्गतका काममा पनि आयोजनाबाट पीडित क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा स्थानीयवासीको माग थियो ।

तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरण श्रेष्ठले स्थानीयवासीको सहयोगबिना आयोजना सफल नहुने भएकाले स्थानीयवासीसँग सहकार्य गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आयोजनालेसमृद्धिकोआधारतयार गर्ने भएकाले स्थानीयवासीको सहयोग अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री भुसालले आयोजनामा स्थानीयवासीलाई प्राथमिकता दिने सवालमा सरकार र आयोजना प्रतिबद्ध रहेको बताउनुभयो । "आयोजना सफल बनाउने ठूलो जिम्मेवारी स्थानीयवासीको पनि हो, स्थानीयवासीलाई आयोजना सँगसँगै राखेर अगाडि बढाउन प्रतिबद्ध छौँ", उहाँले भन्नुभयो ।

# जनता र देशका लागि माओवादी पार्टी बलियो हुनुपर्छ : मन्त्री भुसाल

**पोखरापत्र संवाददाता**
**लमजुङ,१३ मंसिर**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जनता र देशका लागि आफ्नो पार्टीले महत्वपूर्ण काम गरेकाले माओवादी पार्टी बलियो हुनुपर्ने बताउनुभएको छ।

सोमबार लमजुङ मर्स्याङ्दी गाउँपालिकास्थित भुलभुलेमा माओवादी केन्द्र मर्स्याङ्दी गाउँ कमिटीको अधिवेशनलाई सम्बोधन गर्नुहुँदै उहाँले देश समृद्ध बनाउनका लागि माओवादी पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

मन्त्री भुसालले भन्नुभयो, 'माओवादी जनयुद्धका एजेन्डा अहिले राष्ट्रिय एजेन्डा बनेको छ । वैज्ञानिक समाजवादलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सम्बन्धीत सबै पक्ष लाग्नुपर्दछ ।' उहाँले अहिलेको सत्ता गठबन्धन चुनावसम्म कायम हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'यो गठबन्धन चुनावसम्म मात्र होइन, पछिसम्म पनि कायम रहनुपर्छ ।' मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष तथा पाार्टीका जिल्ला सदस्य होमबहादुर विकले अब माओवादी पार्टी पालिकामा सबैभन्दा बलियो पार्टी भन्ने दाबी गर्नुभयो। उहाँले विगतका जस्तो जनता अबुझ नभएको र गाउँको विकास र जनताको हित सोच्ने पार्टी माओवादी नै जनताको रोजाइमा भएको बताउँदै आगामी निर्वाचनमा आफ्नो पार्टी बलियो हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले जिल्ला र पालिकाको सडक, जलविद्युत् समस्या, बाढीपहिराले पुऱ्याएको क्षति र त्यसबाट सिर्जित समस्याको समाधानका लागि पहल गर्न मन्त्री भुसाललाई आग्रह गर्नुभयो। कार्यक्रममा माओवादी केन्द्र गण्डकी प्रदेशका सहइन्चार्ज यशोदा सुवेदी गुरुङ, गण्डकी प्रदेशका जनसंख्या तथा स्वास्थ्यमन्त्री मधु अधिकारी गुरुङ, पार्टीका केन्द्रीय सदस्य देवेन्द्र पराजुली, पारशमणि पौडेल, केन्द्रीय प्रतिनिधि, प्रदेश कमिटी सदस्य तथा संविधानसभा सदस्य बुद्धिराम तमु माओवादी, पार्टी मर्स्याङ्दी गाउँ कमिटीका अध्यक्ष दयसागर घिमिरे लगायतको उपस्थिति थियो । केन्द्रको पालिका अधिवेशनबाट होमबहादुर तामाङ चयन हुनुभएको छ । सोही गाउँपालिका-८ का तामाङ यसअघि सचिव हुनुहुन्थ्यो । त्यस्तै, उपाध्यक्षमा कमलबहादुर खत्री, सचिवमा कमल गुरुङ, सहसचिवमा मदनबहादुर तामाङ र कोषाध्यक्षमा देवीमाया तामाङ चयन हुनुभएको केन्द्रले जनाएको छ।

# 'ए' डिभिजन लिग फुटबल

**रासस**
**काठमाडौं,१३ मंसिर**

शहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा ब्रिगेड ब्वाइज क्लब र न्युरोड टिम (एनआरटी) ले बराबरी खेल्दै अङ्क बाँडेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा ब्रिगेड र एनआरटीले गोलरहित बराबरी खेल्दै अङ्क बाँडेको हो ।

खेलमा दुवै टोलीले पाएको अवसरलाई सदुपयोग गर्न नसक्दा खेल बराबरीमा सकिएको हो। योसँगै ब्रिगेडले दुई खेलमा ४ अङ्क जोडेको छ । पहिलो खेलमा ब्रिगेडले विभागीय टिम एपिएफलाई ३-२ गोल अन्तरले पराजित गरेको थियो ।

त्यस्तै, एनआरटीको यो पहिलो एक अङ्क हो। पहिलो खेलमा एनआरटी साबिक विजेता मच्छिन्द्र एफसीसँग २-१ गोल अन्तरले पराजित भएको थियो ।

खेलमा ब्रिगेडका शिशिर लेखी 'म्यान अफ दी म्याच' घोषित भए।

# गलकोट खेलकुद तथा सांस्कृतिक महोत्सव पुसमा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ मंसिर**

'गलकोट खेलकुद तथा सांस्कृतिक महोत्सव' आगामी पुस १५ देखि २६ गतेसम्म गलकोट नगरपालिका-६ मजुवा फाँटमा हुने भएको छ। 'ड्रिम टिम गलकोट'को आयोजनामा हुने महोत्सवको तयारी अगाडि बढाइएको संस्थाका अध्यक्ष रुपक पाण्डेले बताउनुभयो।

१२ दिनसम्म चल्ने महोत्सवमा खुला भलिबल प्रतियोगिता, गलकोट डान्स आइडल-२०७८, रत्यौली, माछा छोप्ने (हत्केला खेल्ने), दौड, ब्याडमिन्टन, टेबुलटेनिसलगायत प्रतियोगिता हुनेछन्।

महोत्सवमा मौलिक कला, संस्कृतिको प्रदर्शन, रमाइलो मेला र साङ्गीतिक कार्यक्रम पनि हुने उहाँले जानकारी दिनुभयो । "महोत्सव सफल पार्न स्थानीय प्रशासन, राजनीतिक दल, सङ्घसंस्थादेखि सबै पक्षसँग समन्वय गरिरहेका छौँ", उहाँले भन्नुभयो। कोरोना सङ्क्रमण मत्थर भएको र दुई वर्षदेखि गलकोटमा खेल, कला र मनोरञ्जनका गतिविधि नभएकाले महोत्सव आयोजना गरिएको ड्रिम टिम गलकोटले जनाएको छ । महोत्सवबाट खेल, कला, संस्कृतिसँगै व्यापार प्रवर्द्धनमा पनि टेवा पुग्ने विश्वास आयोजकको छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीय स्तरका कलाकारको साङ्गीतिक प्रस्तुति पनि रहने जनाइएको छ । यसअघि पनि गलकोट उद्योग वाणिज्य सङ्घ, गलकोट घुम्टे पर्यटन विकास केन्द्रलगायतका सङ्घसंस्थाले गलकोटमा मेला, महोत्सवको आयोजना गर्दै आएका थिए। कोरोना महामारीका कारण दुई वर्षदेखि त्यस्ता कार्यक्रम रोकिन पुगेका थिए । अहिले कोरोना सङ्क्रमण दर न्यून रहेको र कोरोनाविरुद्ध खोपको पहुँच पनि बढ्दै गएकाले सार्वजनिक समारोह, मेला तथा महोत्सव हुन थालेका हुन् । गत हप्ता बडिगाड गाउँपालिकामा परम्परागत न्वागी मेलाको आयोजनागरिएकोथियो।त्यसअघि ताराखोला गाउँपालिकामा भुस पोल्ने पर्व, हरिबोधनी एकादशी मेलालगायत कार्यक्रम भएका थिए । जनस्वास्थ्यकर्मीले भने कोरोनाको जोखिम कामयै रहेकाले भिडभाडजन्य गतिविधि गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न नहिच्किचाउन सचेत गराउँदै आएका छन् ।

# राहुघाट नदीमाथि पक्की पुल निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ मंसिर**

राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत राहुघाट नदीमाथि पक्की पुल निर्माण गरिएको छ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाले बेनी नगरपालिका-९ र रघुगङ्गा गाउँपालिका-३ को सिमाना भएर बग्ने राहुघाट नदीमाथि मोटर चल्ने पुल बनाएको हो । आयोजना प्रमुख जगत प्रजापतिले ४० मिटर लामो र ११ मिटर चौडाइ भएको प्रिस्टेड प्रविधिको राहुघाट नदीमा बनेको पुलमा सवारीसाधन सञ्चालन गरिएको जानकारी दिनुभयो।

"रङ रोगन, पहुँचमार्गलाई अन्तिम रुप दिन र संरक्षणको केही बाँकी रहे पनि पुल सञ्चालन योग्य भएपछि सवारीसाधन आवतजावतका लागि खुला गरेका छौ", उहाँले भन्नुभयो, "ठेकेदारले बाँकी काम सकेर हस्तान्तरण गर्ने तयारी छ ।" गलेश्वरको पुल बनाउन कालिका-गजुरमुखी जेभीले विसं २०७४ असारमा रु छ करोड २४ लाख तीन हजार ८२५ मा ठेक्का सम्झौता गरेको थियो । सम्झौताको म्याद विसं २०७६ चैत २६ गते सकिएको थियो। सहायक ठेकेदार विवेक निर्माण कम्पनीका सञ्चालक सचिन क्षेत्री मजदूर र आपूर्तिकर्तालाई भुक्तानी नगरी विसं २०७६ फागुनदेखि सम्पर्कविहीन बनेपछि विसं २०७७ मङ्सिरदेखि जिम्मा लिएका मूल ठेकेदारले पूर्णता दिएका हुन्। सहायक ठेकेदारले अधकल्चो बनाएको पुल निर्माणमा कोरोना भाइरसको महामारी, बन्दाबन्दी, निषेधाज्ञा र बाढीपहिराका कारण ढिलाइ भएको गजुरमुखी निर्माण कम्पनीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले बताउनुभयो । छ्यहत्तर किलोमिटर दूरीको बेनी-जोमसोम सडकअन्तर्गत रघुगङ्गा-१ र अन्नपूर्ण-७ को सिमानामा पर्ने महभिर, अन्नपूर्ण-६ र २ को सिमाना पोखरे बगरस्थित कालीगण्डकी नदीमा पनि दुई वटा मोटरेबल पुल निर्माण सकिएको छ। भौतिक योजना तथा यातायात मन्त्रालयअन्तर्गत पुल महाशाखाको पश्चिम सेक्टर कार्यालय पाल्पाले दुई मोटरेबल पुल निर्माणका लागि विसं २०७४ फागुनमा हिम-सगरमाथा-डाँफे-बज्रगुरु जेभीले रु १९ करोडमा ठेक्का सम्झौता गरेको थियो। महभिरमा ८० मिटर र पोखरेबगरमा ७० मिटर लामो पुल ११/११ मिटर फराकिला छन् । महभिरको पुल सञ्चालनमा आइसकेको छ । पोखरेबगरको पुल जोड्ने पहुँचमार्गको जग्गा विवाद समाधान गरेर सञ्चालनको तयारी गरिएको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो।

राहुघाट, महभिर र पोखरेबगरमा यातायात आवतजावतका लागि विसं २०६४ मा निर्माण भएका बेलिब्रिज जीर्ण थिए । धेरै भार भएका सवारीसाधन पुलबाट आवतजावत गराउन समस्या थियो।

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ ।
सबै जना विलिन हुने माटो एउटै रहेछ ॥

**हार्दिक समवेदना**



जन्मः
वि. स. २०४८/०२/१८ गते

स्वर्गारोहणः
वि.स. २०६३/०९/१५ गते

**स्व. अनिता गुरुङ**

स्याङ्जा जिल्ला साविकको माझकोट शिवलय गा.वि.स. १ तथा वालिङ नगरपालिका ३ बुढाकोट गाउँ घर भई हाल पो.म.न.पा. वडा नं. १५ नयाँ गाउँ प्रतिभा टोल निवासी यस 1/4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखराका साधारण सदस्य सुवेदार धन बहादुर गुरुङको पुजनीय पिताश्री को यस अघि नै देहवासन भएको र एक मात्र सुपत्री **अनिता गुरुङ** को १५ वर्ष ७ महिना ०३ दिनको अल्पायूमा भएको अकल्पनीय असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँ बाजे र नातिनी दुबै जनाको पितृकार्य (पैया) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**सु. राम प्रसाद गुरुङ**
**सचिव**

**क्या. गम बहादुर गुरुङ**
**अध्यक्ष**

**तथा**

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) /भू.पू. सैनिक संघ पोखरा**

# गर्भ खेर जाने समस्या बढ्दो

–सन्तोष गौतम

म्याग्दी, १३ मंसिर (रासस)

जिल्लामा पछिल्ला केही वर्षदेखि गर्भ तुहिने र मृत नवजात शिशु जन्मने समस्या बढेको छ।

बेनी अस्पतालमा रहेको मातृ तथा नवशिशु मृत्यु निगरानी तथा प्रतिकार्य (एमपिडिएसआर) को तथ्याङ्कले गर्भ तुहिने र गर्भको उमेर पुगे पनि मृत जन्मने समस्या बढेको देखाएको हो । तथ्याङ्कअनुसार आव २०७५/७६ मा स्वास्थ्य संस्थामा सुत्केरी हुन गएकामध्ये १२ जनाको पेटभित्रै मृत बच्चा थियो ।

सोही आर्थिक वर्षमा छ नवजात शिशुको २२ दिनभित्रै मृत्यु भयो। त्यसैगरी आर्थिक वर्ष २०७६/७७ मा १५ गर्भवतीले मृत शिशु जन्माए भने एकजना आमाको सुत्केरीपछि रक्तश्राव भई मृत्यु भयो। तीन जना नवजात शिशुले ज्यान गुमाए। आव २०७७/७८ मा २० जना गर्भवतीले जीवित शिशु जन्माउन सकेनन् । दुई नवजात शिशुको जन्मेको एक साताभित्रै मृत्यु भएको थियो।

यो तथ्याङ्क सरकारी स्वास्थ्य संस्थामा पुगेका गर्भवतीको मात्र भएको अस्पतालको मातृशिशु सम्पर्क व्यक्ति मनदेवी गौतमले जानकारीदिनुभयो। "सामान्यतया गर्भ रहेको तीन महिनाभन्दा पहिला भ्रुण आफैँ बाहिरिने समस्या लिएर गर्भवती स्वास्थ्य संस्थामा आउँदैनन्, अभिलेख पनि राखिँदैन", उहाँले भन्नुभयो, "सुत्केरी हुने समय पुग्नै लाग्दा पेटमा बच्चा चलेन भन्दै आउँछन्। जाँच गर्दा मृत्यु भइसकेको हुन्छ। कति त पेटमै बच्चा सडिसकेको अवस्थामा आउँछन्।" गर्भावस्था एक विशेष मात्र नभएर जटिल अवस्था पनि हो। यो अवस्थामा आमाले आफ्नो स्वास्थ्यको पूर्ण सावधानी अपनाउन नसक्दा पनि भ्रुण/शिशुको गर्भमै मृत्यु हुने अस्पतालका प्रमुख डा जीतेन्द्र कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार आमाको गर्भबाट भ्रुण वा शिशु २८/३० हप्तासम्म गर्भाशयबाट बाहिर निस्कनुलाई गर्भ तुहिनु/खेर जानु भनिन्छ।

गर्भावस्थामा गाह्रो काम गर्दा, गम्भीर चोटपटक लागेमा, जथाभावी औषधि सेवन गरेमा, शरीरमा हर्मोनको असन्तुलन भएमा, यौनजन्य रोग लागेमा, पाठेघर असामान्य भएमा, पाठेघरभित्र अनावश्यक तन्तु वृद्धि भएमा, उमेर नपुगी गर्भ धारण गरेमा र गर्भको भ्रुणमा क्रोमोजोम खराब भएमा गर्भ खेर जाने वा मृत जन्मने समस्या आउने डा कडेलले बताउनुभयो । कहिलेकाहीँ गर्भ ३८-४० साता आयु पुगेपछि पनि अचानक गर्भमै मृत्यु पनि हुन सक्छ। "गर्भमा शिशु पूरा आयु नरहने समस्या अक्सर वंशाणुगतअर्थात् भ्रूणमा जेनेटिक डिफेक्ट रहेछ भने प्राकृतिकरुपमा भ्रुण गर्भमा बस्न सक्दैन, आफै निक्लन्छ तर हाम्रोमा अधिकांश भ्रुण परिपक्क भएपछि वा गर्भको बच्चालाई जीवित जन्माउन सकिने सम्भावना रहे पनि असावधानी/सचेतनाको कमीले मृत शिशु जन्माउने धेरै छन्", उहाँले भन्नुभयो, "अधिकांश गर्भवती गर्भको चारपटक परीक्षण गराउँदैनन्। नियमित गर्भ परीक्षण नहुँदा पाठेघरमा शिशुको अवस्थिति, पाठेघरको अवस्था र अन्य जटिलता थाहा हुँदैन। एक्कासि बच्चा चलेन भन्दै आउँछन्। बच्चा पेटभित्रै मरिसकेको हुन्छ। तीन महिनाभित्रको भ्रूण जाने/तुहिने घटना त अभिलेख नै गरिँदैन।"

# नेपाल र बङ्गलादेशको सम्बन्धलाई थप मजबुद तुल्याइनुपर्ने

रासस

काठमाडौं, १३ मंसिर

नेपाल र बङ्गलादेशबीचको जनस्तरको सम्बन्धलाई थप मजबुद तुल्याउने उद्देश्यले काठमाडौँमा सांस्कृतिक आदानप्रदान तथा सम्मान कार्यक्रमको आयोजना गरियो।

नेपाल-बङ्गलादेश मैत्री सङ्घले आयोजना गरेको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले वरिष्ठ चिकित्सक डा भोला रिजाललाई सम्मान पत्रद्वारा सम्मान गर्नुभयो । कार्यक्रममा बङ्गलादेशी पाहुनाहरूलाई पनि मायाको चिनोद्वारा स्वागत गरिएको थियो। सो अवसरमा कुलपति उप्रेतीले नेपाल र बङ्गलादेशबीचको परम्परागत, सांस्कृतिक सम्बन्धलाई थप सुमधुर बनाउन कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले दुई देशबीचको संस्कृति प्रवर्द्धनका साथै पर्यटन प्रवर्द्धनका क्षेत्रमा पनि मिलेर काम गर्न सकिने धारणा राख्नुभयो।

सम्मानित डा रिजालले नेपाल र बङ्गलादेशको लामो सम्बन्धलाई संस्कृतिको माध्यमबाट थप मजबुद बनाई पर्यटन प्रवर्द्धनका लागि साझेदारीका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

नेपालस्थित बङ्गलादेश राजदूतावासका उपप्रमुख इस्राल जाहानले दुई देशबीच परम्परागत सांस्कृतिक, राजनीतिक सम्बन्ध रहिआएको र यसलाई आगामी दिनमा थप प्रवर्द्धनका लागि सहकार्यका साथ अघि बढ्नुपर्ने खाँचो औँल्याउनुभयो । कार्यक्रममा बङ्गलादेशबाट आएका बङ्गलादेशी नागरिकलाई सम्मान गरिएको थियो। दुई देशबीचको जनस्तरको सम्बन्धलाई थप सुमधुर तुल्याउन कार्यक्रम गरिएको सङ्घका अध्यक्ष दिनदया रिजालले बताउनुभयो । उहाँले नेपाल र बङ्गलादेशबीचको सम्बन्धलाई अटुट बनाउन कूटनीतिक र जनस्तरबाटै पहल गरिए बङ्गलादेशको प्रगतिबाट नेपालले पनि लाभ लिनसक्ने भएकाले दुई देशीय सम्बन्धलाई बढाउन कार्यक्रम गरिएको बताउनुभयो। नेपाली प्रतिनिधिमण्डलले पनि छिट्टै बङ्गलादेशको भ्रमण गर्नेछ । बङ्गलादेशबाट १० जनाको प्रतिनिधिमण्डल नेपाल आएको छ । उनीहरूलाई नेपालको संस्कृति, पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गराइने कार्यक्रम छ।

# समदर्शी महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा मैनादेवी

पोखरापत्र संवाददाता

पोखरा, १३ मंसिर




पोखरा महानगरपालिका - २ नयाँ बसपार्कमा रहेको समदर्शी महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा मैनादेवी रावत चयन हुनभएको छ । पोखरामा सम्पन्न १२ औं साधरणसभा तथा चौथो अधिवेशनबाट रावतको नेतृत्वमा नयाँ कार्य समिति चयन भएको हो । नव गठित समितिको उपाध्यक्षमा प्रमिला ताम्राकार तुलाचन, सचिवमा रिकमाया गुरुङ, कोषाध्यक्षमा कृष्णमाया घिमिरे रहनुभएको छ । त्यसैगरी सदस्यहरुमा तारा बि.क., कृष्णमाया पौडेल, यज्ञ पोखरेल, कमला बराल, संजिता शर्मा चयन हुनुभएको उपाध्यक्ष प्रमिला ताम्राकार तुलाचनले जानकारी दिनुभयो।

यस अघि साधारणसभाको उद्घाटन सत्रमा बौल्दै प्रमुख अतिथि जिल्ला सहकारी सघं कास्कीका वरिष्ठ उपाध्यक्ष छबिलाल लामिछानेले शेयर पूँजीलाई भन्दा बचत लाई बढि जोड दिनुपर्ने बताउनुभयो।

संस्थाका सेयर सदस्य तथा नेतृ दुर्गाकुमारी बिकले महिलाहरुले मात्र सञ्चालन गरेको सहकारी भएकाले नमुना सहकारी बन्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंक पोखरा शाखा प्रमुख नरेश पाण्डे, जिल्ला सहकारी संघका सञ्चालक चन्द्रकुमारी पराजुली, सस्थाको निर्बतमान अध्यक्ष गिताकुमारी पौडेल लगायतले बोल्नुभएको थियो।

# सञ्चालनमा आएनन् म्याग्दीका तामा र स्लेट खानी

पोखरापत्र संवाददाता

म्याग्दी, १३ मंसिर

म्याग्दीका जङ्गलहरुमा वर्षौदेखि अलपत्र रहेका स्लेट,तामा र चुन ढुङ्गा खानी अझैसम्म सञ्चालनमा ल्याउने तयारी नगरिँदा स्थानीयवासी निराश बन्न थालेका छन्।

पश्चिम र उत्तरी म्याग्दीका दर्जन बढी ठाउँमा रहेका खानी अलपत्र छन्। तामा, स्लेट (घर छाउने ढुङ्गा), सिलाजित, खरी, चुनढुङ्गाका खानी उत्खनन हुन सकेको छैन। साथै संरक्षण हुन नसकेपछि पुरिँदै गएका छन् । खानीको सम्भाव्यता अध्ययन गर्न सम्बन्धित निकायले चासो देखाएका छैनन्। तर रुम र लुलाङमा रहेका स्लेट खानीबाट परम्परागत रूपमा उत्खनन भने भइरहेको छ। भगवतीको खरिढुङ्गा खानी वर्षौंदेखि बन्द छ।

त्यसैगरी ओखरबोटको तामाखानी आधा दशकदेखि बन्द छ । स्थानीयवासीका अनुसार यहाँ तामा खानी २०० वर्षसम्म सञ्चालनमा थिए । तत्कालीन सरकारले खानी उत्खनन गरेबापत लिने कर (भेजा) तिर्न नसकेपछि खानी उत्खनन कार्य बन्द भएको थियो । राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा खानी उत्खनन गरेर हुने आम्दानीभन्दा बढी कर तिर्नुपर्ने अवस्था आएपछि तामा खानी बन्द भएको रघुगङ्गा गाउँपालिका ६ ठाडाखानीका नरबहादुर छन्त्यालले बताउनुभयो। "राणाकालमा बन्द भएका खानी गणतन्त्र स्थापना भएको एक दशक नाघिसक्दा पनि सञ्चालनमा ल्याउन सकेनन्" छन्त्यालले भन्नुभयो । गुर्जा, ताकम, कुइनेमङ्गले, ओखरबोट, मल्कवाङ, झकिम्लीलगायत जिल्लामा करिब २० वटा तामाखानी छन् । उत्खननका लागि छन्त्याल समुदायलाई जिम्मेवारी दिइएको थियो। विसं २०६८ को जनगणनाअनुसार छन्त्याल जातिको जनसङ्ख्या ११ हजार छ। परम्परागत पेशाबाट विस्थापित उनीहरू पछिल्लो समय वैदेशिक रोजगारी र अन्य पेशामा आवद्ध भएका छन्। खानी रहेका ठाउँ अहिले पुरिँदै गएका छन्। खानी उत्खनन गर्न खनिएका सुरुङ अझै यहाँ भेटिन्छन् । प्रशोधनपछि काम नलाग्ने भएर फालिएका धातुका टुक्रा छरिएर रहेका भेटिन्छन्।

तत्कालीन अवस्थामा छिना, गल, घन, कुटो र कोदालोको प्रयोग गरेर खानी उत्खनन गर्ने चलन थियो। खानी उत्खनन गर्न सरकारले कदम चाल्नुपर्ने म्याग्दीका उद्योगी तथा पर्यटन व्यवसायी राजेश शाक्यले बताउनुभयो । नीतिगतरूपमा सहज र पूर्वाधारको विकास भए खानी उत्खननका लागि लगानीको कुनै समस्या नहुने उहाँको भनाइ छ । मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले खानी सञ्चालनका लागि राज्यको झन्झटिलो नीति र सम्बन्धित निकायको उदासिनता नै बाधक भएको बताउनुभयो । "खानी सञ्चालनको अनुमतिका लागि हामीले पटक-पटक सङ्घीय सरकारसँग अनुमति माग गर्दै डेलिगेशनसमेत गयौं तर सुनुवाइ भएको छैन", अध्यक्ष रोकाले भन्नुभयो,"सङ्घीय सरकारको अनुमतिबिना स्थानीय सरकारले सञ्चालन गर्न नपाउने नीतिगत व्यवस्था भएकोले नै समस्या उत्पन्न भएको हो।"

खानी सञ्चालनको अनुमतिका लागि म्याग्दीका स्थानीय सरकारका प्रमुखले प्रयास गरे पनि सङ्घीय सरकारको मातहतमा रहेको खानी तथा पुरातत्व विभागले अनुमति नदिँदा हजारौं जनताले रोजगारी पाउने र वार्षिक करोडौं रुपैयाँ राजस्व आम्दानी हुने खानी अलपत्र परेको स्थानीय बूढापाकाको भनाइ छ।

# आठ पालिकामा नेतृत्व चयन

पोखरापत्र संवाददाता

बागलुङ, १३ मंसिर

माओवादी केन्द्रले बागलुङका आठ वटा स्थानीय तहमा नयाँ नेतृत्व चयन गरेको छ।

बागलुङ नगरपालिका, ढोरपाटन नगरपालिका, जैमिनी नगरपालिका, निसीखोला गाउँपालिका, काठेखोला गाउँपालिका, तमाखोल गाउँपालिका, ताराखोला गाउँपालिका र बडीगाड गाउँपालिकामा सर्वसम्मतरुपमा नेतृत्व चयन भएको माओवादी केन्द्र जिल्ला ज्ञामनाथ गैरे 'अनिल'ले जानकारीले जानकारी दिनुभयो । बागलुङ नगरको अधिवेशनबाट इन्द्र केसी सर्वसम्मतरुपमा अध्यक्षमा चयन हुनुभएको छ। केसीको नेतृत्वमा ६५ सदस्यीय नगर समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा रतन मलेपती, चित्र सुवेदी, महेन्द्रकुमार विक, सचिवमा राजु खड्का, कोषाध्यक्षमा धनमाया शर्मा र सह-सचिवमा जीवन शर्मा रहनुभएको छ । ढोरपाटन नगरकमिटिको अध्यक्षमा भीम गौतम, उपाध्यक्षमा सुमित घर्ती मगर, लेखतबहादुर कार्की, हिक्मत भण्डारी, सचिवमा वीरबहादुर घर्ती मगर चयन हुनुभएको छ । काठेखोला गाउँकमिटीको अध्यक्षमा कृष्ण थापा र बडीगाड गाउँकमिटीको अध्यक्षमा मिलन रेश्मी र सचिवमा वीरेन्द्र बुढा चयन भएको माओवादी केन्द्रले जनाएको छ।

त्यसैगरी निसीखोला गाउँपालिका अध्यक्षमा कुवीर विक, उपाध्यक्ष कमला पुनमगर, रेशम पुन, टीकाबहादुर चन्द, सचिवमा कुशल बुढामगर, सहसचिव गङ्गा घर्ती र कोषाध्यक्ष तुल्सी रेग्मी चयन भएका छन्।

नेकपा माओवादी केन्द्र ताराखोला गाउँपालिकाको अध्यक्षमा दिवस खत्री चयन हुनुभएको छ । समितिको उपाध्यक्षमा खड्कबहादुर विक, दिलकुमारी पुन र यामबहादुर श्रीस, सचिवमा फूलमाया पुन, सहसचिवमा जीवन बस्नेत र कोषाध्यक्षमा गौरीमाया गुरुङ चयन हुनुभएको बताइएको छ । त्यस्तै जैमिनीमा माओवादी केन्द्रको अधिवेशनबाट झमन पाण्डेको अध्यक्षतामा ६५ सदस्यीय जैमिनी नगर समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा देवेन्द्र पुन, सकसबहादुर क्षेत्री र टेकबहादुर रायमाझी, सचिवमा शोभाप्रसाद शर्मा, सहसचिवमा अरविन थापा र कोषाध्याक्षमा निर्मला केसी चयन हुनुभएको नेकपा माओवादी केन्द्रका जैमिनी नगर इञ्चार्ज लालबहादुर परियारले जानकारी दिनुभयो । जिल्लाको नौ वटा पालिकामा एकैसाथ अधिवेशन सुरु भए पनि बरेङ गाउँपालिकामा अझैसम्म सुरु भएको छैन।

गलकोट नगरपालिकामा नेतृत्व चयन भएको छैन । सर्वसम्मतरुपमा नेतृत्व चयन गर्ने गरी छलफल भइरहेको संयोजक गैरेले जानकारी दिनुभयो। उहाँले केही दिनमै बरेङ गाउँपालिकामा पनि नेतृत्व चयन गर्ने बताउनुभयो।

माओवादीले जिल्लाका ८५ वटै वडामा सर्वसम्मतपछि दशैवटा पालिकामा अधिवेशनमार्फत नयाँ नेतृत्व गर्न थालेको हो। स्थानीय तहपछि, प्रदेश हुँदै राष्ट्रिय सम्मेलनको तयारीमा माओवादी केन्द्र जुटेको छ । प्रदेशको अधिवेशन २५ गतेलाई तोकिएको छ भने आगामी पुस ११ र १२ गतेसम्म काठमाडौँमा राष्ट्रिय सम्मेलन हुने बताइएको छ।

# मङ्सिर १९ गतेदेखि बाघ गणना

पोखरापत्र संवाददाता

चितवन, १३ मंसिर

नेपालका राष्ट्रिय निकुञ्जमा यही मङ्सिर १९ गतेदेखि बाघ गणना गरिने भएको छ। गणनाको शुभारम्भ चितवन राष्ट्रिय निकुञ्जबाट गरिँदै छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गणनाको नेतृत्व गर्दछ।

देशभरका पाँच निकुञ्जमा बाघ छन् । चितवन, बर्दिया, पर्सा, शुक्लाफाँटा र बाँके राष्ट्रिय निकुञ्ज तथा आसपासका वन क्षेत्रमा बाघको गणना गरिन लागेको हो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार हिउँदको समयमा बाघ बाटोमा आउने हुँदा यो समय गणनाका लागि उपयूक्त मानिन्छ। वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवसहितका उच्च अधिकारीको उपस्थितिमा गणनाको शुभारम्भ गरिने आचार्यले जानकारी दिनुभयो । झाडी सुक्दै गएपछि बाघ घाँसे मैदानमा बस्ने हुँदा गणना कठिन हुने भएकाले यो मौसम छानिएको हो । उहाँको भनाइमा पुस महिनाभित्रमा सम्पन्न गर्ने गरी बाघगणना गर्ने तयारी गरिएको छ। क्याप्चर रिक्याप्चड विधिबाट बाघ गणना गरिन्छ।

दुई/दुई ग्रिड अर्थात चार वर्ग किलोमिटरमा एक जोडी क्यामेरा राखेर गणना गरिन्छ । कम्तीमा दुई हप्ता क्यामेरा राख्नुपर्ने उहाँको भनाइ छ । चितवन र पर्सालाई एउटा कम्प्लेक्स, बाँके र बर्दियालाई दोस्रो कम्प्लेक्स र शुक्लाफाँटा तथा नजिकैको लालझाडी क्षेत्रलाई तेस्रो कम्प्लेक्स बनाएर बाघको गणना गर्न लागिएको हो । सन् २०१८ मा गरिएको बाघ गणनामा नेपालमा २३५ वयस्क बाघ फेला परेका थिए । त्यतिबेला चितवनमा ९३, बर्दियामा ८७, पर्सामा १८, शुक्लाफाँटामा १६ र बाँकेमा २१ बाघ फेला परेका थिए। यो सङ्ख्या बढेको अनुमान छ । सन् २०१० मा रसियाको सेन्ट पिटर्सवग भएको बाघ पाइने १३ मुलुकका राष्ट्र प्रमुखको बाघ सम्मेलनमा नेपालले सन् २०२२ सम्ममा बाघको सङ्ख्या २५० पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेको थियो। तत्कालीन समयमा नेपालका निकुञ्जमा १२१ बाघ रहेको तथ्याङ्क थियो । दोब्बरभन्दा बढी सङ्ख्या बनाउने नेपालको प्रतिवद्धता पूरा हुनेमा संरक्षणविद् विश्वस्त रहेका छन्। नेपालमा हरेक चार/पाँचवर्षको अन्तरमा बाघ गणना गर्ने गरिन्छ।

# राप्रपाको अध्यक्ष पदमा उम्मेदवारी दिने कमल थापाको घोषणा

रासस

काठमाडौं, १३ मंसिर

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष कमल थापाले पार्टीको यही मङ्सिर १५ देखि १७ गतेसम्म काठमाडौंमा हुने एकता महाधिवेशनमा पुनःअध्यक्ष पदका लागि उम्मेदवारी दिने घोषणा गर्नुभएको छ।

उर्जाशील नेतृत्व, गतिशील र वैकल्पिक शक्ति निर्माणका लागि भन्ने नारासहित आयोजना गरिएको उक्त घोषणा सभामा उहाँले पार्टीलाई कहिल्यै विभाजन हुन नदिने संकल्पका साथ उम्मेदवारी दिन लागेको घोषणा गर्नुभयो। अध्यक्ष थापाले भन्नुभयो, "पार्टीका केही काम बाँकी छाडेर पलायन हुने अनुमति आफूलाई नभएकाले उम्मेदवारी दिन लागेको हुँ, एकता महाधिवेशनलाई नाम मात्रका लागि होइन, मन, बचन र कर्मले पनि एकताबद्ध तुल्याउनुपर्छ, पार्टीमा एकता, सद्भावना र सहमतिको सन्देश दिनपर्छ।" विसं २०४७ मा गठन भएको राप्रपा र राप्रपा नेपालमा अध्यक्ष थापासँग केन्द्रीय सदस्य र अध्यक्ष तीन-तीन पटक भएको अनुभव छ। अध्यक्ष थापाले भन्नुभयो, "नेपालको भूराजनीतिक धरातलका आधारमा राजतन्त्रसहितको प्रजातन्त्र र सनातन हिन्दुअधिराज्यका मुद्दालाई प्रखररूपमा अघि बढाइनेछ, त्यसको आधार तयार भएपछि पार्टीको जिम्मेवारीबाट विश्राम लिनेछु।"

विसं २०६२/६३ को जनआन्दोलनपछि भएको संविधानसभामा २५ सदस्य पठाएर संविधान निर्माणमा योगदान पुऱ्याएको राप्रपाको हाल प्रतिनिधिसभामा राजेन्द्र लिङदेनले प्रतिनिधित्व गर्दै आउनुभएको छ । अध्यक्ष थापाले भन्नुभयो "सवैधानिक बाटोबाटै पुरा गर्नु पर्ने केही काम अधुरा छन्, त्यसका लागि सङ्घर्ष गर्नुपर्नेछ, त्यो कामका लागि अध्यक्षमा निरन्तरता दिन चाहेको हुँ, राप्रपाको एकीकृत अध्यक्षकारूपमा पार्टीलाई एक पटक जुरुक्क उठाउन चाहन्छु । आगामी चुनावमा मुलुकको तेस्रो ठूलो शक्तिका रूपमा स्थापित गर्न हरसम्भव प्रयत्न गर्नेछु।"


प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा तालिम केन्द्र
गण्डकी प्रदेश, पोखरा

जिन्सी मालसामानको लिलाम बढाबढ सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/१४ गते

यस कार्यालयको खप्ने जिन्सी खातामा आम्दानी बाँधिएका पुराना जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक महानुभावले रु.१० को टिकट टाँस गरेको निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनका दिन पशु सेवा तालिम केन्द्र माटेपानी पोखरा कास्कीमा हुने लिलाम बढाबढमा भाग लिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः
१. मालसामानको विवरणः संलग्न पानामा उतार गरिएको छ।
२. मालसामानको न्युनतम मुल्य रु. १६,५२४/- (अक्षरुपी रु.सोह्र हजार पाँच सय चौबिस मात्र)
३. लिलाम बढाबढ हुने स्थान : श्री पशु सेवा तालिम केन्द्र माटेपानी पोखरा, कास्की।
४. लिलाम बढाबढ हुने मिति : २०७८/०८/२९ गते बुधबार बिहान ८-३० बजे।
५. लिलाम बढाबढ न्युनतम मूल्यबाट शूरु हुनेछ।
६. लिलाम सकार गर्न डाक बोल्नु अघि नै न्युनतम मुल्यको ५ प्रतिशतका दरले हुने नगद धरौटी राख्नु पर्नेछ र डाक अंक बढ्दै गएमा सोही अनुपातमा नगद धरौटी थप गर्नुपर्नेछ।
७. लिलाम हुने मालसामानहरु कार्यालय समयभित्र हेर्न तथा विवरण बुझ्न यस कार्यालयको प्रशासन तथा जिन्सी फाँटमा सम्पर्क राखी बुझ्न सकिनेछ।

सम्पर्क फोन नं. ०६१-५२४१९५, ईमेल : rltcpokhara@gmail.com